# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७५।०५।२१ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला मोरङ, साविक विराटनगर उपमहानगरपालिका वडा नं. ६ को सिट नं. १७८-७४३-१२ को कित्ता नं. २३७ क्षेत्रफल ६४०.१४ व.मी. को (क) वर्गमा नापी नक्सा भएको घर जग्गा रजिष्ट्रेसन पास गर्दा कानूनले अनिवार्य गरेको कार्यविधि र सिफारिस समेत संलग्न नगरी जग्गा पास गर्ने कर्मचारीहरुले अख्तियारको दुरुपयोग गरी गराई जग्गाको न्यून मूल्याङ्कन गरी राजश्व रकम आफूले लिई खाई राजश्व चुहावट गरेको हुँदा उक्त कार्यमा संलग्न कर्मचारीहरुलाई कानूनी कारवाही गरी पाऊँ भन्ने व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय मोरङका तत्कालीन मालपोत अधिकृत गौतमराज अमात्य, ना.सु. बासुदेव पोखरेल र ना.सु. राजकुमार थापाले उक्त जग्गाको हालैको बकसपत्र पारित गर्दा मालपोत कार्यालय मोरङको आ.व.२०७२/०७३ को न्यूनतम मूल्याङ्कन पुस्तिकामा प्रति वर्गमिटर रू.२०,०००।-(बीस हजार) मूल्य कायम रहेको उक्त जग्गाको मूल्य रु.१,२८,०२,८००।-(एक करोड अठ्ठाइस लाख दुई हजार आठ सय) र आ.व.२०७०/०७१ को करदाताको घर जग्गा मुल्याङ्कन तथा कर निर्धारण विवरण अनुसार घर तर्फको रु.१३,४७,९८४।-(तेह्र लाख सत्चालीस हजार नौ सय चौरासी) समेत गरी जम्मा रु.१,४१,५०,७८४।-( एक करोड एकचालीस लाख पचास हजार सात सय चौरासी) थैली अंक कायम गरी रजिष्ट्रेसन शुल्क रु.२,१२,२६१।७६(दुई लाख बाह्र हजार दुई सय एकसठ्ठी रूपैयाँ छयहत्तर पैसा) निर्धारण गरी राजश्व असुल गर्नु पर्नेमा मिति 2072।1013 गते उक्त घर-जग्गाको रु.१६,०४,०००।-( सोह्र लाख चार हजार) मात्र थैली अंक कायम गरी रजिष्ट्रेसन शुल्क रु.२४,०६०।-(चौबीस हजार साठी) राजश्व दस्तुर असुल गरेको र राजश्व निर्धारण गर्दा हेर्नुपर्ने वा परीक्षण गर्नुपर्ने कागजात नहेरी वा परीक्षण नगरी, स्थानीय निकायको घर/जग्गा चारकिल्ला प्रमाणितको सिफारिस लगायतका आवश्यक प्रमाण कागजात संकलन नगरी रु.१,८८,२०१।७६ (एक लाख अठासी हजार दुई सय एक रूपैयाँ छ्यहत्तर पैसा ) राजश्व असुल नगरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने वदनियतले कार्य गरेको तथ्यगत अवस्था स-प्रमाण पुष्टि भएकोले निज प्रतिवादीहरु गौतमराज अमात्य, बासुदेव पोखरेल र राजकुमार थापाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ तथा दफा ७ को देहाय (ख) द्वारा परिभाषित कसुर अपराध भएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ७ बमोजिम बिगो रु.१,८८,२०१।७६ (एक लाख अठासी हजार दुई सय एक रूपैयाँ छ्यहत्तर पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ७ र दफा ३(१) तथा दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन मागदाबी लिई मिति २०७५।५।२० गते विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता